**बैठक संख्या: १०/२०८०/०८१**

**मिति: २०८०/१२/२५**

**समय: दिउँसो १०:०० बजे**

**स्थान: भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | जीत | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देबिलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

**अन्य**

| | | | | |
|---|---|---|---|---|
| | सन्तोष व्यर्ति मगर | | सब-इन्जिनियर | भूमे गा.पा. |
| | कोशल कुतिवारी | | शि.०३५० | भूमे गा.पा. |
| | | | | |

भुमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १०/०८०-८१ मिति २०८०/१२/२५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

प्रस्तावहरु:

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| 1. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | |
| 2. | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा। | |
| 3. | प्रदेश समपूरक अनुदान प्रस्ताव सम्बन्धमा। | |
| 4. | भुक्तानी अनुमोदन गर्ने सम्वन्धमा। | |
| 5. | आयोजना/कार्यक्रम संकलन सम्बन्धमा। | |
| 6. | कक्षा थप प्रस्ताव सम्बन्धमा। | |
| 7. | शुझाव संकलन गर्ने सम्वन्धमा। | |
| 8. | निशुल्क जग्गा प्राप्त गर्ने सम्बन्धमा। | |
| 9. | ग्याबीन जाली हस्तान्तरण गर्ने सम्बन्धमा | |
| 10. | २ दिन बराबरको सेवासुबिधा तथा तलवभत्ता भुमे गाउँपालिको आकष्मिक कोषमा राख्ने सम्वन्धमा। | |
| 11. | भूमे गाउँपालिकाको शैक्षिक कर्जा दिने सम्वन्धी निर्देशिका, २०७७ संसोधन सम्बन्धमा। | |
| 12. | प्रतिबद्दता जाहेर गर्ने सम्वन्धमा। | |
| 13. | राहत उपलब्ध गराउने सम्बन्धमा। | |
| 14. | रकमान्तर गर्ने सम्वन्धमा। | |
| 15. | प्रहरी पोष्ट स्थापनाका लागि अनुरोध गरी पठाउने निर्णय सम्वन्धमा। | |

२०८०/१२/२५

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १०/०८०-८१ मिति २०८०/१२/२५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को बैठक संख्या ९ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ७ वटा निर्णयहरुमध्ये ६ वटा निर्णय मात्र कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

**निर्णय नं. ३:**

लुम्बिनी प्रदेश सरकार, प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ बमोजिम आगामी आर्थिक वर्ष २०८१।०८२ मा समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्न तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | कूल लागत अनुमान | प्रदेश सरकार (समपूरक) | भूमे गापा (समपूरक) |
|---|---|---|---|---|---|
| १ | कुचिवाङ-सिमखोला- भित्रिवन-लावाङ-धर्मशाला सडक ट्र्याक खोल्ने | भूमे-६,७,८ | ५० लाख | २५ लाख | २५ लाख |
| २ | सिमा- झुम्लावाङ-गावाङ-त्रिवेणी-काँक्री ट्र्याक खोल्ने | भुमे-२,३ दहवांङ | ५० लाख | २५ लाख | २५ लाख |
| ३ | कोल्ड स्टोर निर्माण | भुमे-३, रतुवामारे | ३,१८,००,००० | ५० लाख | ५० लाख |
| ४ | २ नं वडा कार्यालय भवन | भूमे-२, काँक्री | ३,२४,००,००० | ५० लाख | ५० लाख |
| ५ | रानीवास-कुईपा-ट्र्याक निर्माण सम्पन्न तथा पर्यटन पुर्वाधार निर्माण | भूमे-१ | | १५ लाख | १५ लाख |
| ६ | डालिवाङ-साकिम ट्र्याक निर्माण सम्पन्न | भूमे-४,५ | | १५ लाख | १५ लाख |
| ७ | गुनाम सामुदाईक स्वास्थ्य ईकाई | भूमे-७ | | २० लाख | २० लाख |

**निर्णय नं. ४:**

मिति २०८०/१२/ ०५ गते रुकुम पश्चिम रुकुम वाट रुकुम पुर्वभूको भूमे गाउँपालिका हुदैं काठमाडौं जादैं गरेको रात्रीकालिन वस दुर्घटनामा परी मृत्यू भएका हरुको शव दुर्घटना स्थलबाट पोष्टमार्टमको लागी रुकुम पुर्व अस्पताल सम्म पुर्याउदा ढुवानी खर्च बापतको भाडाँ शवारीचालक रु ४०,००,००0/- अक्षरुपी रु चालिस ~~लाख~~ ढोरपाटन नगरपालिका वडा नं. १ निवासी श्री चित्र बहादुर पुन लाई मिति २०८०/१२/१३ दिईएको भुक्तानी सदर गर्ने निर्णय गरियो । साथै सोहि प्रयोजनमा प्रयोग गरिऐको जिपको ढुवानी स्वरुप तेजेन्द्र बुढामगरलाई गाउँपालिकाको आकश्मिक कोषवाट रु ११,०००।- भुक्तानी दिने निर्णय गरियो ।

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १०/०८०-८१ मिति २०८०/१२/२४ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. ५:**

आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि माग गर्ने आयोजना तथा कार्यक्रमहरु सबै वडा कार्यालय तथा विषयगत शाखाहरुले तयार गरी बैशाख ३ गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

भूमे गाउँपालिकाको शिक्षा ऐन, २०७४ तथा भूमे गाउँपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम विद्यालय खोल्न तथा कक्षा थप गर्न प्राप्त निवेदन सम्बन्धमा भूमे गाउँ शिक्षा समितिको सिफारिस बमोजिम स्वीकृतिका लागि गाउँ सभासमक्ष पेश गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | विद्यालयको नाम | प्रस्तावित निर्णय |
|---|---|---|
| १ | श्री प्रोग्रेसिभ इङ्गलिस मिडियम बोर्डिङ्ग स्कुल भूमे १ लुकुम | पूर्व प्राथमिक शिक्षा/बाल विकास कक्षा विद्यालय सञ्चालनका लागि अनुमति दिने तथा आधारभूत तहको कक्षा-२ |
| २ | श्री बालबिकास विद्यालय, भूमे-६ | आधारभूत तहको कक्षा-२ |
| ३ | | |

**निर्णय नं. ७:**

आगामी आर्थिक वर्ष २०८१।०८२ का यस गाउँपालिकाको बजेट तथा कार्यक्रममा समावेश गर्नको लागी जनसमुदायमाझ शुझाव संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

भूमे गाउँपालिकाका अन्तर्गतका तपशिलका सार्वजनिक निकायहरुमा तपशिलका स्थानीय व्यक्तिबाट तपशिलका जग्गाहरु निशुल्क प्राप्त गर्ने निर्णय गरि सो निर्णयलाई स्वीकृतीको लागि सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनिती,२०८९ को दफा ५ उपदफा १ वमोजिमको समितिमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | जग्गाधनीको नाम | साविक गाबिस | कि.नं. | वडा नं./ नक्सा नं | क्षेत्रफल | निशुल्क जग्गा प्राप्त गर्ने सार्वजनिक निकाय |
|---|---|---|---|---|---|---|
| १ | लाल बहादुर पुन | मोरावाङ | ३९० | ३/९२१६ | ८६५ | ३ नं वडा कार्यालय |
| २ | अमर पुन | सिमा | १०२१ | ३/२११६ | ११४५ | |
| ३ | दलजित बि.के. श्रीपाली | महत | ७८५ | ५/ १५२० | ९५५ | सामुदाईक स्वास्थ्य ईकाइ, गुनाम |
| ४ | जान वहादुर ओली | महत | ९४ | | ३४५ | आधारभुत स्वास्थ्य केन्द्र भूमे-८, कोर्जा |
| ५ | जान वहादुर ओली | महत | १०६ | | १९५ | |
| ६ | विनराज रोका | | १०७ | | १६५ | |
| | | | | | | सामुदाइक स्वास्थ्य इकाई भूमे-८,खाम्दैई |
| | | | | | | १ न वडा कार्यालय |
| ७ | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मोतिराम डाँगी | | | | चुनवाङ स्वास्थ्य चौकी |
| ९ | कृण बहादुर डाँगी | | | | |
| १० | कमानसिंह डाँगी | | | | |
| ११ | दिल बहादुर डाँगी | | | | |
| १२ | | | | | सुन्दर समाज युवा कृलव |
| १३ | | | | | श्री जनज्योती आधारभुत विद्यालय धर्मशाला |
| १४ | | | | | अदिसुधा चम्धारा युवा कृलव, गुनाम। |
| १५ | | | | | भित्रिवन वालशिक्षा भित्रिवन |

**निर्णय नं. ९:**

भूमे गाउँपालिका वडा नं-३ क्याडसी टोलमको थामगाँउ खानेपानी तथा सरसफाई उपभोक्ता समिति खानेपानी आयोजनामा ओभरफ्लो पानीले क्षती पुर्याएको हुदाँ सो रोकथामका लागि थामगाँउ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई १२ थान ( १.५*१*१) ग्याबिन जाली प्रदान गर्ने निर्णय सर्बसम्मतिमा गरियो साथै भूमे-८ तपशिल वमोजिम विवरण भएको परिवारलाई ग्याविन जाली बितरण गर्ने निर्णय गरियो।

| सि.नं. | नामथर | जालीको बिवरण | कैफियत |
|---|---|---|---|
| १ | शंकर बुढा | १.५*१*१ | १२ थान |
| २ | नरसिंह बुढा | १.५*१*१ | १२ थान |
| ३ | पाछावाङ बस्ती संरक्षण | १.५*१*१ | ३० थान |

**निर्णय नं. १०:**

भूमे गाउँ कार्यपालिकाको कार्यपालय,कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरू तथा शैक्षिक संस्थाहरुमा कार्यरत सम्पुर्ण जनप्रतिनिधी तथा राष्ट्रशेवक कर्मचारीको बार्षिक रुपमा मासिक तलबको २ दिन बराबरको सेवासुबिधा तथा तलवभत्ता (सुरु तलनमान) भुमे गाउँपालिको आकष्मिक कोषमा राख्ने निर्णय सर्वसम्मतिमा निर्णय गरियो।

**निर्णय नं. ११:**

भूमे गाउँपालिकाको शैक्षिक कर्जा दिने सम्वन्धी निर्देशिका, २०७७ शसोधन सम्बन्धमा। (पहिलो संशोधन प्रस्ताव) स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १२:

**आर्थिक बर्ष २०८१/८२ को भूमे गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य प्रारम्भ भईरहेको अवस्थामा पालिकाको कृषी समुन्नतीको आर्थिक बर्ष २०८१/८२ को भूमे गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा तपशिलका बिषयहरुलाई समावेश गर्ने प्रतिबद्दता गरियो।**

(१) यस गाउँपालिकामा **पर्यायवरणमा आधारित पुनरुत्पादक कृषि प्रबिधिलाई** प्राथमिकतामा राखी प्रवर्द्धन गर्ने गराउने । जस्तै, उन्नत कम्पोष्ट मल, जैविक झोल बिषादी, जैविक झोल मल, बोकासी मल, कम्पोष्ट चिया, गड्यौला मल, कोशेबाली खेती प्रवर्द्धन, बाली चक्र प्रविधि, मिश्रित तथा अन्तरबाली, छापो प्रविधि तथा बाली विविधिकरण आदि ।
(२) संघीय सरकारसगको सहकार्यमा बनेको माटोको स्वास्थ्य तथा गुणस्तर प्रर्वद्धन सम्बन्धि कार्यक्रम तथा कार्य योजनालाइ कार्यन्वयन गर्ने । जस्तै, माटो व्यवस्थापन, परिक्षण, पि.एच.मापन, उपचारका साथै माटोको स्वास्थ्य तथा गुणस्तर सुधार सम्बन्धि बिबिध कार्यक्रमहरु (सचेतीकरण अभियान, तालिम तथा क्षमता अभिवृद्धि) गर्ने ।
(३) जलवायु मैत्री कृषि उत्पादनलाई महत्वका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्ने गराउने ।

निर्णय नं. १३:

**आर्थिक बर्ष २०८०८१ मा बिभाज्य कोषमा जम्मा हुने रकम रु १,१०,०००/- अक्षरुपी रु एक लाख दश हजार भुलवश आन्तरिक खातामा जम्मा हुन गएकाले ऊक्त रकम संचित कोषमा आम्दानी जनाई विनियोजन खर्चका माध्यमवाट गाउँपालिकको बिभाज्य कोष खातामा ट्रान्सफर गर्ने निर्णय गरियो।**

जीत

२०८०।१२।२५

**निर्णय नं. १४:**

**भूमे गाउँपालिका वडा नं ७ निवासी फुलमाला दमाईको घरमै बसेको अवस्थामा अज्ञात समुहवाट विभत्स हत्या भएको र निजको पारिवारिक आर्थिक अवस्था नाजुक रहेको निजको शव व्यवस्थापन(पोष्टमार्टम तथा अन्य पक्षहरुमा सहयोग गर्न रु २०,०००/- तथा भूमे गाउँपालिका वडा नं-९ निवासी श्री खडक बहादुर दमाईको बैदेशिक रोजगारीको शिलशिलामा यूनाईटेड अरव ईमिरेट्स अरवमा मृत्यू भएको र निजको पारिवारिक आर्थिक अवस्था नाजुक रहेको हुदाँ निजको परिवारलाई रु १०,०००/- सहयोग गर्ने निर्णय सर्वस्मतिमा गरियो।**

**निर्णय नं. १५:**

भूमे गाउँपालिका वडा नं. ६ र ८ खाम्दैई, सिमखोला, पोखरापाटा, कुचिवाड तथा सिस्ने गाउँपालिको चोतावारीह्यप्ला सम्म प्रहरी पोष्ट नजिकमा नहुँदा विगतदेखि विभिन्न समयमा चोरी, लुटपात, डकैटी लगायतका घटना क्रमिक रुपमा घट्ने गरेकाले शान्ति सुरक्षा व्यवस्थापनमा चुनौति देखा परेकाले एस.इ.ई. परीक्षा केन्द्र, वडा नं. ६, र वडा नं. ८ लाई पायक पर्ने भूमे गाउँपालिका वडा नं. ८ को स्थाई प्रहरी पोष्ट स्थापनाका लागि स्थानीयबासी तथा वडा कार्यालयबाट अनुरोध भई आएकोले प्रहरी पोष्ट स्थापनाका लागि अनुरोध गरी पठाउने निर्णय सर्वसम्मत रुपमा गरियो।

| निर्णयमा फरक मतको अभिलेख | | | कैफियत |
|---|---|---|---|
| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | |
| | | | |